कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०८ /01

# कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७६

## प्रस्तावनाः

गाउंपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउंपालिकाको वार्षिक रूपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरूबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले,

स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम ***कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७६*** रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

## २. उद्देश्यः

कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरूको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रूपमा खर्च गर्न,

(ख) दफा ३ मा उल्लेखित क्षेत्रहरूमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न,

(ग) कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रूपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिजेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्न, आदि ।

३. कन्टिन्जेन्सी रकमको व्यवस्था:

गाउंपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरूको तोकिए बमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा २ मा उल्लेख भए बमोजिमका शीर्षकहरूमा मात्र खर्च गर्न सकिनेछ ।

४. खर्च गर्न सकिने क्षेत्रहरू:

योजना तथा कार्यक्रमहरूको कन्टिजेन्सी कट्टा रकमलाई गाउंपालिकाले देहायका शीर्षकहरूमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासंग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगाय खाजा खाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरू

(ङ) गाउंपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखापरीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखिकरण□तालिम□गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च

५. कन्टिजेन्सी रकमको खर्च प्रकृति:

योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ५५ र पूंजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ।

६. कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली:

गाउंपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्याक्रमहरूको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरूमा नै एकीकृत रूपमा हिसाव गरी सो को लगत राखिनेछ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सगैं खर्च गरिने व्यवस्था मिलाइनेछ ।

७. **थपघट, हेरफेर वा संशोधनः**

विद्यान समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

८. **बाधा अडकाउ फुकाउने अधिकारः**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार विद्यान समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन्।

९. **यसै बमोजिम भए गरेको मानिनेः**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरूको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरू यसै निर्देशिका अनुरूप भए गरेको मानिनेछ ।